का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ फागुन २०८०,
शुक्रबार
16 February 2024,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २२, अंक ३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

बहुचर्चित ललिता निवास जग्गा प्रकरण

# नेताले पाए सफाइ
# कर्मचारी र बिचौलिया दोषी ठहर







नीतिगत निर्णयका लागि मन्त्रिपरिषदमा लैजाने तत्कालीन मन्त्रीहरु र नीतिगत निर्णयमा संलग्न नेताहरुलाई सफाइ दिएको यो फैसलाले सरकारी जग्गा व्यक्तिको नाममा गर्ने कार्यमा संलग्न कर्मचारी र बिचौलियाहरुलाई भने दोषी ठहर गरेको छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

बहुचर्चित ललिता निवास जग्गा प्रकरणमा विशेष अदालतले फैसला दिएको छ । तर, यस प्रकरणमा संलग्न रहेको आरोप लागेका नेताहरुले सफाइ पाएका छन् । निर्णय प्रक्रियामा संलग्न कर्मचारी र बिचोलियाहरु, जग्गा खरिदकर्ताहरूलाई भने दोषी ठहर भएका छन् ।

विशेष अदालतले पूर्वमन्त्रीहरु विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बर श्रेष्ठलाई सफाइ दिएको हो । नीतिगत निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हेर्न नपाउने भएका कारण उनीहरुले सफाइ पाएको अदालतको आदेशको आशय छ । मन्त्रिपरिषद्को निर्णयमा मन्त्रीको एकल भूमिका नहुने तर्क विशेष अदालतले गरेको छ ।

अख्तियारको अनुसन्धानका अनुसार मन्त्रिपरिषद्का २०६६ चैत २९, २०६७ वैशाख ३१, २०६७ साउन २८ र २०६९ असोज १८ का निर्णयबाट ललिता निवास क्याम्पभित्रको सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिका नाममा गराउन सरकारका विभिन्न निकायबाट भएका गैरकानुनी कार्यलाई वैधानिकता दिइएको थियो । अनधिकृत व्यक्तिको हक स्वामित्व स्थापित गराउने प्रस्ताव मन्त्रिपरिषद्बाट पारित गरिएका थिए ।

ती निर्णय हुँदा माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई प्रधानमन्त्रीहरू थिए । तर, मन्त्रिपरिषद्का निर्णयलाई लिएर मुद्दा चलाउने अधिकार आफूसँग नरहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थिएन । नीतिगत निर्णयका लागि मन्त्रिपरिषदमा लैजाने तत्कालीन मन्त्रीहरु र नीतिगत >>> पृष्ठ २ मा

## ६५ जनाको जग्गा जफत हुने

ललिता निवासमा जग्गा किनेका जग्गाधनीहरुको जमिन पनि जफत हुने भएको छ । विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार जग्गा जफत भए पनि उनीहरुमाथि अरु कुनै सजाय र जरिवाना हुनेछैन ।

उनीहरुले जानाजान वा अन्जानमा जग्गा किनेको भन्ने आशयका आधार यस्तो फैसला भएको हो । बालुवाटारको जग्गा हिनामिनाबारे २०५५/०५६ मा सरकारी निकायमा उजुरी परेको थियो । बेनामे उजुरीका आधारमा तत्कालीन मालपोत विभागले मालपोत कार्यालय, डिल्लीबजारसहित विभिन्न निकायबाट फाइल झिकाएपछि उच्च प्रशासनिक र राजनीतिक बृतमा >>> पृष्ठ २ मा

# माओवादीमा निर्वाचनको ढोका खुला

पार्टीको नाममा माओवादी र चुनाव चिह्न भने यथावत रास्ने निर्णय भएको छ । तथापि, नाम भने विस्तारै परिवर्तन गर्न सकिने अध्यक्ष प्रचण्डले बताएका छन् ।



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

नेकपा माओवादी केन्द्रले पहिलो पटक पार्टीभित्र प्रत्यक्ष निर्वाचनको बाटो खुला गरेको छ । यसअघि पनि पटक-पटक पार्टीभित्र प्रत्यक्ष निर्वाचनको कुरा उठ्दै आएको भए पनि माओवादीले यसपाली भने त्यसको वैधानिक व्यवस्था गरेको हो ।

तीनदिनसम्म चलेर बिहीबार सकिएको माओवादी केन्द्रको प्रथम विधान अधिवेशनले केन्द्रीय समिति प्रत्यक्ष निर्वाचन विधिबाट निर्माण गर्ने व्यवस्थासतिहको विधान पारित गरेको छ । माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले पार्टीमा प्रत्यक्ष निर्वाचनको ढोका खुलेको बताए । 'प्रत्यक्ष निर्वाचनको ढोका खुलेको छ,' उनले भने, 'सबै कमिटीमा प्रत्यक्ष निर्वाचन हुन्छ । केन्द्रीय समितिको निर्वाचन भइसकेपछि पदाधिकारी चाहिँ केन्द्रीय कमिटीले निर्वाचित गर्छ ।'

यद्यपि, पदाधिकारीमा भने माओवादीले पहिलेकै व्यवस्थालाई यथावत राखेको छ । माओवादीको यसअघिको विधानमा केन्द्रीय समितिबाट पदाधिकारी चुन्ने व्यवस्था थियो ।

माओवादीको केन्द्रीय समिति १९९ सदस्यीय हुनेछ । यसअघि प्रस्तावित विधानको मस्यौदामा १ सय ५१ सदस्यीय केन्द्रीय समिति हुने प्रस्ताव गरिएको थियो । अधिवेशनले त्यसलाई परिमार्जित गर्दै १९९ सदस्यीय हुने निर्णय गरेको थियो । त्यस्तै पदाधिकारी ११ सदस्यीय हुने व्यवस्था गरिएको छ ।

तर विधान सम्मेलनका अधिकांश प्रतिनिधिले पार्टीका पदाधिकारीसहित सबै कमिटी प्रत्यक्ष निर्वाचित सुझाव दिएका थिए । माओवादीले प्रस्तावित विधानलाई २० वटा समूहमा छलफल गरेको थियो । समूहगत छलफलका सुझावलाई अधिवेशन हलमा टोली नेताहरुले पेस गरेका थिए ।



> प्रत्यक्ष निर्वाचनको ढोका खुलेको छ । सबै कमिटीमा प्रत्यक्ष निर्वाचन हुन्छ । केन्द्रीय समितिको निर्वाचन भइसकेपछि पदाधिकारी चाहिँ केन्द्रीय कमिटीले निर्वाचित गर्छ ।
>
> **अग्निप्रसाद सापकोटा**
> **प्रवक्ता, नेकपा माओवादी केन्द्र**

अधिकांश प्रतिनिधिले प्रत्यक्ष निर्वाचनमा जोड दिएपछि उनीहरुलाई थुमथुम्याउन पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक पटकलाई आफ्नो मुख हेरेर अनुमोद गरिदिन आग्रह गरेका थिए ।

प्रतिनिधिहरुले पार्टीको नाम र चुनाव चिन्ह पनि परिवर्तन गर्न सुझाव दिएका थिए । तर, समूहगत छलफलमा आएका सुझावबारे जवाफ दिँदै अध्यक्ष प्रचण्डले हाललाई पार्टीको चुनाव चिन्ह भने यथावत राख्ने र नाम भने विस्तारै परिवर्तन गर्न सकिने बताएका थिए ।

त्यस्तै आयोग केन्द्रमा १५, प्रदेशमा ७ र जिल्लामा ७ सदस्यीय हुने छ । गैरभोगोलिक प्रदेश कमिटीहरु उपत्यका विशेष प्रदेश, सम्पर्क समन्वय पद्रेश लगायत यथावत रछने छन् ।

माओवादीले हरेक २ वर्षमा पार्टी सदस्यता नवीकरण गर्ने छ भने १८ वर्ष पुगेकालाई सदस्यता दिने छ । त्यस्तै माओवादीले पार्टीको जनाधार विस्तार गर्न विशेष अभियान समेत घोषणा गरेको छ । चैत १५ गतेसम्म तराई-मधेश र हुलाकी सडक केन्द्रित अभियान संचलान गर्ने छ । बैशाख १-१५ गतेसम्म >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अमेरिका लैजाने प्रलोभनमा पारेर बन्धक बनाउने ९ जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन

अमेरिका लैजाने प्रलोभनमा पारेर ११ जना भारतीयलाई काठमाडौंमा बन्धक बनाउने ९ जनालाई प्रहरीले सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा ८ जना भारतीय नागरिक र एक जना नेपाली नागरिक रहेका छन् । बुधबार राति पक्राउ परेका उनीहरुलाई जिल्ला प्रहरी परिसर काठमाडौंले बिहीबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको हो । प्रहरीले बन्धक बनाउने गिरोहका चरण जित सिंह, अशोक कुमार, अब्दुल रहिम, इन्दु सिंह यादव, निपुन गुप्ता, मनिष कुमार मल्होत्रा, रवि मिवदे र राम चन्द्र



शर्मालाई सार्वजनिक गरेको छ । प्रहरीका अनुसार यादव बन्धक प्रकरणका मुख्य योजनाकार हुन् । नेपाली नागरिकको भने नाम खुलाइएको छैन । उनले नक्कली कागजात बनाएर भारतीयहरुलाई सहयोग गर्ने गरेको प्रहरीको दाबी छ ।

गिरोहले विभिन्न देशका नागरिकलाई युरोप, अमेरिका, अष्ट्रेलिया, क्यानडालगायतका देशमा पठाउने प्रलोभनमा पारेर नेपाल ल्याइ बन्धक बनाउने गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका भारतीयहरुले बन्धक बनेकाहरुका परिवारलाई भ्रममा पार्न मेक्सिकोको भाषा, संस्कृति, संगीत आदिसँग मिल्ने खालको कृत्रिम वातावरण सिर्जना गरी भिडियो कलमार्फत आफन्तलाई देखाएर ठूलो रकम माग गर्ने गरेको खुलेको प्रहरीले बताएको छ । नेपालीसहित विश्वका विभिन्न देशका नागरिकलाई मेक्सिको, ग्वाटेमाला, पानामा सिटी हुँदै अवैधानिकरुपमा अमेरिकासम्म पुऱ्याउने गरेको यसअघि पटक-पटक सार्वजनिक भएको थियो । भारतीयहरुले बन्धक बनाएका भारतीय नागरिकका परिवारका सदस्य अमेरिकाको दक्षिणी छिमेकी देश मेक्सिको पुगेकाले भारतीय रुपैयाँ ४० लाख भारतमा रहेका एजेन्टहरुलाई दिन बाध्य पारेको अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ ।

प्रहरीले पक्राउ परेकाहरुबाट मेक्सिको र ब्राजिलको समय निर्धारण गरिएको >>> पृष्ठ २ मा

## वैदेशिक रोजगारसम्बन्धी ठगीमा अनुसन्धान गरेका डीएसपी पन्थी पुरस्कृत

काठमाडौं/मस- उपत्यका अपराध अनुसन्धान कार्यालयमा कार्यरत प्रहरी नायव उपरीक्षक (डिएसपी) गोविन्द पन्थी ' इन्टरनेशनल इन्भेस्टिगेसन अवार्ड'बाट सम्मानित भएका छन् । उनलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा काम गर्दै आइरहेको संस्था 'किन इन्डिया'ले पुरस्कृत गरेको हो ।



पन्थीलाई सन् २०२३ मा वैदेशिक रोजगारीका नाममा हुने ठगी र मानव बेचबिखनविरुद्ध उत्कृष्ट अनुसन्धान गरेको भन्दै सम्मान गरिएको हो । पुरस्कार ग्रहण गर्न भारत जान नपाएका उनलाई संस्थाका अध्यक्ष नवीन जोशी र >>> पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Receptionist : 2 (Female)

योग्यता: Minimum +2 Passed, कम्प्युटर, ईमेल इन्टरनेट सम्बन्धी अनुभव भएको, अंग्रेजी बोल्न सक्ने मेनपावर क्षेत्रमा अनुभव नभएकोहरुलाई पनि प्राथमिकता दिइनेछ ।

WE'RE HIRING

Documentation : 1 (Male/Female)

अंगेजी भाषाको राम्रो ज्ञान भई कम्प्युटरमा Word, Excel र Photoshop चलाउन सक्नेले मात्र सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता २०८० फागुन १३ गते ।
तलब: आपसी समझदारीमा तय हुनेछ ।

**मिराकल म्यानपावर प्रा. लि.**
श्रम इजाजत नं. १२२३/०७४/०७५
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Mob. : 9841046696
Email: manpowermiracle@gmail.com, Web.: manpowermiracle.com

Job Opportunity for GCC Heavy Vehicle Driving License holders in Sea Port (Container Terminals) as ITV - Internal Transfer Vehicle Driver.

**Company: WE ONE** **City: UAE**
पूर्व स्वीकृत मिति: २०८०/११/०३ चलानी नं.: ६०२१४९६६ LT. No.: 300046

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ITV Driver | 100 | 0 | स. काममा दक्ष | 1950 | ७०,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता सल्लाघारी प्लेग्राउन, भक्तपुर नगरपालिकामा २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ ।

**युएईमा रोजगार**
**Company: EJADAH ASSET MANAGEMENT GROUP LLC, UAE**
पूर्व स्वीकृत मिति: २०८०/११/०३ चलानी नं.: ६०२१४९६९ LT. No.: 300045

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard | 50 | 0 | स. काममा दक्ष | 1478 | ५३,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता प्रधान कार्यालय, काठमाडौंमा २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**THE RIVER OVERSEAS PVT. LTD.**
Gov. Lic. No 406/060/061
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247223, 9801247214, 9801247247.
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

मध्यान्ह
www.madhyanhadaily.com

४ फागुन २०८०, शुक्रबार
16 February 2024, Friday

## बस दुर्घटनामा १० जनाको मृत्यु

# घाइते भन्छन्– 'पहाडमा ठोक्किएको बस उछिट्टिएर खोलामा खस्यो'

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ३ फागुन



'बुधबार राति ९ बजेतिर कोहलपुरमा खाना खाएपछि काठमाडौंतर्फ अघि बढेको बसको सिटमा म निदाउन आँटेकी थिएँ, बस तीव्रगतिमा भएर होला पहाडमा ठोक्किँदा ठूलो आवाज आयो', बुटवलस्थित चौराहा अस्पतालमा उपचाररत ५५ वर्षे यात्रु नारायणी थापाले सुनाइन् । उनी छोरीसँगै काठमाडौं जान बुधबार दिउँसो साढे दुई बजे महेन्द्रनगरबाट छुटेको गाडी चढेकी थिइन् ।

सुनौलो महाकाली यातायातको बस कपिलवस्तुको शिवराज नगरपालिका-१ सुरही पुल नजिकै दुर्घटना हुँदा उनी घाइते भइ हाल अस्पतालमा उपचाररत छिन् । सो दुर्घटनामा परी सात पुरुष र तीन महिला गरी १० जनाको मृत्यु भयो भने ३० जना यात्रु घाइते भए ।

'दुर्घटनापछि यात्रुहरु बचाउबचाउ भन्दै गरेको आवाज दिइरहेको सुनेपछि मैले पनि आवाज दिए । त्यसपछि दुई जनाले उद्धार गर्नुभयो', भीमदत्त नगरपालिका-१६ घर भएकी थापाले सुनाइन्, 'रातिको समय, जङ्गल र पहाडको खोँचमा फोन पनि नलाग्ने भएकाले उद्धार तत्कालै हुन पाएन । अँध्यारोमा जो बोल्छ आवाज सुनेर उद्धारकर्ताले सुरुमा उनीहरुलाई नै उद्धार गरे जस्तो लाग्यो ।'

सोही बसमा सवार कञ्चनपुर महेन्द्रनगरका ज्ञानेन्द्र पालले दुर्घटना हुँदा क्षण सम्झँदै भने, 'राति भएकाले अधिकांश यात्रु मस्त निद्रामा थिए । म भने निदाइसकेको थिइन् । त्यही बेला बस ठोक्किएको ठूलो आवाज आयो र पल्टियो । सबै यात्रुहरू चिच्याउन थाले ।'

पिलवस्तुकै चन्दौटास्थित अस्पतालमा उपचार गराइरहनुभएका पालले दुर्घटनापछि आफू उठ्नका लागि पटक-पटक प्रयास गर्दा पनि असफल भएको बताए । 'शरीर नराम्रोसँग ठोक्किछ, अहिले पनि राम्रोसँग उठ्न नसक्ने अवस्था छ । ढाड अझै दुखिरहेको छ', उनले भने, 'जीवनमा पहिलोपटक ठूलो दुर्घटनाबाट बचियो ।' बस अनियन्त्रित हुँदा दुर्घटना भएको हुनसक्ने उनको अनुमान छ ।

पेशाले मूर्तिकार काठमाडौं कीर्तिपुरका अनिल ताण्डुकारले चालकले गियर बदल्ने बेलामा ठूलो आवाज आएको र त्यसको केही समयमै दुर्घटना भएको अनुभव सुनाए । 'आँखा अगाडि नै धेरैको ज्यान गयो, चाहेर पनि सबैको उद्धार गर्न सकिएन', अनिलले भने। उनी बसको क्याबिनमा चालक नजिकैको सिटमा बसेका थिए ।

दुर्घटनामा रौतहट औरही-३ का ४६ वर्षीय नारायणबहादुर भण्डारी, सल्यान सैनिकहल-३ भइ भइ हाल नेपाली सेनाको कालीजङ्ग गण गोरुसिङ्गमा कार्यरत अर्जुनकुमार योगी, भारत उत्तर प्रदेश मुरदावादका सकिल मुसलमान, भीमदत्त नगरपालिका-१ कञ्चनपुरका २७ वर्षीय राहुलराम कामीको मृत्यु भएको छ ।

साथै भीमदत्त-४ कञ्चनपुरका २४ वर्षीय उमेश भण्डारी, भीमदत्त नगरपालिका-१६ कञ्चनपुरकी २७ वर्षीया सन्जु थापा, पुर्नवास नगरपालिका निवासी किसन भट्ट, भीमदत्त नगरपालिका बस्ने खगेश्वरी खाती, भीमदत्त नगरपालिका-२ बस्ने सुदीप भट्ट र पुर्नवास नगरपालिका-९ बिसफाटा बस्ने विमलादेवी भट्टको पनि ज्यान गएको हो ।

बसका चालक महेन्द्रनगरका पूर्णबहादुर चन्दले पहाडी घुम्तीमा बसको ब्रेकले काम नगरेपछि पहाडमा ठोक्कएर यात्रु बचाउन खोज्दा बस उछिट्टिएर खोलामा खसेको सुनाए । बुटवलको चौराहा अस्पतालमा उपचार गराइरहनुभएका चालक चन्दका अनुसार आफूभन्दा पछाडि आएका बसका कर्मचारी र यात्रुले भालुवाङ प्रहरीलाई जानकारी गराएपछि चन्दौटा र भालुवाङबाट नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको हो।

घटनास्थल घनाजंगल र पहाडमा पर्ने भएकाले सहजरुपमा सञ्चार सम्पर्क हुन नसक्दा उद्धारमा ढिलाइ भएको घाइते यात्रुहरूको भनाइ छ । सशस्त्र प्रहरी भालुवाङ, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी कपिलवस्तुको रोप रेस्क्यु टिमले उद्धार गरेको सशस्त्र प्रहरी कपिलवस्तुका प्रहरी उपरीक्षक जीवन केसीले बताए ।

बस दुर्घटना हुनुमा बसको ब्रेकमा समस्या तथा चालक निदाएको हुनसक्ने अनुमान गरिएको उनको भनाइ छ ।

## ड्युटीमा खटिएकी महिला प्रहरीलाई श्रीमानले हाने गोली

**सपना बोहरा/मध्यान्ह**
दाङ, ३ फागुन



दाङ घोराहीको दामोदर चोकमा ड्युटीमा खटिएकी महिला प्रहरीलाई श्रीमानले गोली हानेका छन् ।

वडा प्रहरी कार्यालय घोराहीमा कार्यरत प्रहरी जवान धनमाया थापाकै श्रीमान प्रहरी सहायक हवल्दार यमबहादुर झाक्रीले गोली हानेर हत्या गरेका हुन् ।

ड्युटीमा खटिरहेकी महिला प्रहरी थापालाई उनका श्रीमानले गोली हानी हत्या गरेका दाङका प्रमुख जिल्ला अधिकारी दिनबन्धु सुवेदीले जानकारी दिए ।

तालिम केन्द्र नेपालगञ्जमा कार्यरत यमबहादुर बिहीबार नै घोराही आएका थिए । उनले धनमायामाथि तीन राउण्ड गोली चलाएको प्रहरीले जनाएको छ । घटना बिहीबार करिब साढे ७ बजे भएको हो । गोली हानेर भाग्दै गरेका यमबहादुरलाई लमही अर्जुनखोलाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

## राजापुरमा माछा संरक्षणसम्बन्धी प्रशिक्षण शुरु



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ३ फागुन

बर्दियाको राजापुरमा दिगो माछा संरक्षण अभ्यास तथा नदी अनुगमन सम्बन्धी प्रशिक्षण कार्यक्रम शुरु भएको छ ।

'कर्णाली नदीमा ओत संरक्षणका लागि समुदायको जीबिकोपार्जन तथा अभिभावकत्व सवलिकरण परियोजना' अन्तर्गत नदी खण्ड व्यवस्थापन समुहहरुका अगुवाहरुलाई बिहीबारबाट प्रशिक्षण शुरु गरिएको हो ।

विश्व बन्यजन्तु कोष नेपालद्वारा नेपाल सरकारसँगको समन्वय र बेलायत सरकार अन्तर्गत दार्विन इनिसिएटिभको सहयोग, सोनाहा विकास समाज बर्दिया, डल्फिन संरक्षण केन्द्र कैलाली, मुक्त कमैया महिला विकास मञ्च कैलाली र साना स्तनधारी संरक्षण तथा खोज अनुसन्धान केन्द्र काठमाडौंद्वारा परियोजना सञ्चालित छ ।

कर्णाली नदीमा जलिय जैविक विविधताको संरक्षण तथा दिगो नदी व्यवस्थापनका लागि समुदायलाई सचेतिकरण गर्दै दिगो माछा संरक्षण अभ्यासहरुमार्फत ओत संरक्षणमा सहयोग पुऱ्याउनु प्रशिक्षणको मुख्य उद्देश्य रहेको सोनाहा विकास समाज बर्दियाका रत्न के.सी.ले बताए ।

प्रशिक्षण कार्यक्रममा कर्णाली नदीको तल्लो तटमा आश्रित समुदायको बस्ती अनुसार कैलालीको लम्किचुहा नगरपालिकाको बलचौरदेखि बर्दियाको राजापुर नगरपालिकाको वडा नं. ४ छेदियासम्म गठन गरिएका १५ वटा सामुदायिक नदी खण्ड व्यवस्थापन समुहहरुबाट ४५ जनाको सहभागिता रहेको छ ।

तालिम पश्चात सहभागीहरुले आफुले सिकेका कुरालाई आगामी दिनमा समुदाय स्तरमा नदीमा हुने अनियमित गतिविधि, माछा तथा ओत संरक्षण सम्बन्धी स्थानीय समुदायको अभ्यास र ज्ञानमा अभिवृद्धि गर्दै कर्णाली नदीमा हुने खतरा तथा जोखिम न्यूनीकरण गर्ने विश्व बन्यजन्तु कोषका राजेश साँदले बताए । २ दिनसम्म सञ्चालन हुने यस प्रशिक्षण तालिमको सहजीकरण मत्स्य संरक्षण तथा मत्स्य खेती विज्ञ सुरेश कुमार वाग्लेले गरेका छन् ।

### बहुचर्चित

निर्णयमा संलग्न नेताहरुलाई सफाइ दिएको यो फैसलाले सरकारी जग्गा व्यक्तिको नाममा गर्ने कार्यमा संलग्न कर्मचारी र बिचौलियाहरुलाई भने दोषी ठहर गरेको हो । रामकुमार सुवेदी, शोभाकान्त ढकाल र मीनबहादुर गुरूङ यस प्रकरणका मुख्य योजनाकार तथा बिचौलियाका रूपमा दोषी ठहर भएका छन् । यिनै तीन जनाका नाममा सबैभन्दा बढी जरिवाना पनि तोकिएको छ । रामकुमार सुवेदी र शोभाकान्त ढकाल २ वटा कसुरमा दोषी ठहर भएका छन् । उनीहरूबाट एउटा कसुरमा ७५ लाख र अर्को कसुरमा ८० लाख ४८ हजारका दरले बिगो जरिवाना हुने अदालतको ठहर छ । त्यस्तै दुवै कसुरमा २९२ वर्षका दरले कैद पनि तोकिएको छ ।

अन्य मुख्य अभियुक्तहरूमा कलाधर देउजा, सुरेन्द्रमान कपाली, युक्तप्रसाद श्रेष्ठ, मुकुन्द्रप्रसाद आचार्य, जगतप्रसाद पुडासैनी, सुनीति राणा, शैलजा राणा, हेमन्त शमशेर, हाटक शमशेर र रुक्म शमशेरलाई २ वर्षका दरले कैद र ७५ लाख रुपैयाँका दरले जरिवाना भराउने फैसला भएको छ । तत्कालीन मालपोत अधिकृत टीकाराम घिमिरे, हुपेन्द्रमणि केसी, मोहम्मद साविर हुसैनसहित ६ जनालाई ७ लाख रुपैयाँका दरले जरिवाना र ६ महिना कैद सजाय अदालतले सुनाएको छ । सरकार जग्गा हात पार्न खडा गरिएका नक्कली मोहीहरू बिलबहादुर महर्जनसमेत ५७ जना र इन्द्रबहादुर थापासमेत १२ जना गरी ६९ जनालाई पनि २ वर्षका दरले कैद सुनाइएको छ । उनीहरूसँग अख्तियारले दाबी गरेअनुसारकै बिगो बमोजिमको जरिवाना पनि असुल्न अदालतले भनेको छ ।

तत्कालीन सचिवहरू छविराज पन्त र दीप बस्न्यात पनि यस भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । पन्त खिलराज रेग्मी नेतृत्वको अन्तरिम चुनावी मन्त्रिपरिषद्मा मन्त्रीसमेत भएका थिए । बस्न्यात अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त हुँदै प्रमुख आयुक्तसम्म भएका थिए । उनीहरू दुवै जनाका नाममा ८० लाख ४८ हजार जरिवाना र २ वर्षका दरले कैद हुने फैसला भएको छ । कर्मचारीहरू प्रेमबहादुर खापुङ, अर्जुन खतिवडा, शंकरप्रसाद सुवेदी, अंगुर सिग्देल, केदारप्रसाद श्रेष्ठ, हरिकृष्ण तिमल्सिना, परशुराम पोखेल, कृष्णप्रसाद पौडेल, प्रकाश भट्ट र टंक पौडेललाई ८० लाख ४८ हजार रुपैयाँका दरले जरिवाना र जनही २ वर्षका दरले कैद हुने फैसला भएको छ । श्रीकृष्ण महर्जन, तीर्थमाया महर्जन, द्वारिकामान महर्जन, ग्वाराभाइ महर्जन, मचानानी महर्जन, बाबुराजा महर्जन, रेना गुरुङ, तीर्थमाया महर्जन, कान्छा महर्जन, हर्ष महर्जनलाई मतियारको कसुर गरेको ठहर गर्दै जनही २ वर्ष कैद र अख्तियारले तोकेबमोजिमकै जरिवाना हुने ठहर गरेको छ । कतिपय व्यक्ति दोहोरो कसुरमा दोषी ठहर भएकाका छन् ।

### ६५ जनाको ...

चर्चामा रहँदै आएको थियो । त्यसपछि २०५८ मा मानलाल गुरुङ भन्ने व्यक्तिले तत्कालीन भूमिसुधार मन्त्रालयमा उजुरी गरेका थिए । मन्त्रालयले त्यो उजुरीलाई अगाडि बढाएन । २०५९/०६० सालमा एउटा उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो । २०६० असार १८ गते आयोगले ललिता निवासको केही जग्गालाई सरकारी होइन, व्यक्तिलाई दर्ता गर्न दिने भनेको थियो । त्यसपछि केही व्यक्तिका नाममा हालसाविक गरेर पनि जग्गा दर्ता गरिएको छ ।

तर, बालुवाटार जग्गा घोटालाविरुद्ध उजुरी पर्न रोकिएन । हालसाविकपछि अख्तियारमा फेरि अर्को उजुरी पुगेको थियो । २०६४ जेठ २० गते अख्तियारले ३५ रोपनी मात्र सरकारी हो, १ सय १२ रोपनी व्यक्तिकै हो भनिदिएको थियो ।

सरकारले क्षतिपूर्ति दिएर अधिग्रहण गरेको जग्गा पनि पञ्चायतले जफत गरिदिएको भनेर ११२ रोपनी जग्गा सुवर्णशमशेर र उनका आफन्तका नाममा गैरकानुनी तरिकाले फिर्ता गरिएको थियो । २०६६/०६७ सालपछि घोटालाको संस्करण नै सुरु भएको बताइन्छ । बालुवाटारमा प्रधानमन्त्री निवास विस्तारको योजना अघि सारिएको छ । प्रधानमन्त्री निवास परिसरभित्रको समेत केही जग्गा व्यक्तिका नाममा पारिसकिएको थियो। २०७४ वैशाख १५ गते संसदको राज्य व्यवस्था तथा सुशासन समितिले बालुवाटार प्रकरणको अनुसन्धान गर्न अख्तियारलाई निर्देशन नै दिएको थियो । अख्तियारमा दीप बस्न्यात, नवीन घिमिरे लगायत थिए । बस्न्यात यस प्रकरणमा प्रत्यक्ष संलग्न व्यक्ति नै थिए, जुन अख्तियार र सीआईबीको अनुसन्धानले पनि देखाएको थियो । उनी विशेष अदालतबाट समेत दोषी ठहर भइसकेका छन् । २०७५ असार १५ गते मन्त्रिपरिषद्ले पूर्वसचिव शारदाप्रसाद त्रितालको नेतृत्वमा छानबिन समिति बनाएको थियो । उक्त समितिले प्रतिवेदन दिएपछि एक प्रति अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मा पठाइएको थियो । त्यसपछि यो प्रकरणको अनुसन्धानले निरन्तर पाएको हो ।

### माओवादीमा ...

हिमाल, पहाड तथा उत्तर- दक्षिण अभियान संचालन गर्ने छ ।

विधान अधिवेशन सकेको माओवादीले अब विशेष महाधिवेशन गरेर विधानले गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने छ । पार्टी अध्यक्ष प्रचण्डले अब विशेष महाधिवेशनको तयारीमा लाग्न कार्यकर्ताहरुलाई निर्देशन दिएका थिए ।

पार्टी प्रवक्ता अग्नि सापकोटाले विशेष महाधिवेशनले समाजवाद केन्द्रित विचार निर्माणमा योगदान गर्ने बताए । माओवादीले २०७८ मा आठौं राष्ट्रिय महाधिवेशन गरेको थियो । उक्त महाधिवशेनबाटै विचारको विकासका लागि चाँडोभन्दा चाँडो विशेष महाधिवेशन गर्ने निर्णय भएको थियो ।

### अमेरिका...

घडी, विभिन्न देशका मुद्रा, विभिन्न एयरलाइन्सका नक्कली बोर्डिङ पास, पीडितहरुको पासपोर्ट, शारीरिक यातना दिन प्रयोग हुने पाइपलगायतका सामान बरामद भएको बताएको छ । उनीहरुविरुद्ध मानव बेचबिखन तथा ओसारपसार र अपहरण तथा शरीर बन्धक कसुरमा अनुसन्धान गरी मुद्दा चलाउने प्रहरीले बताएको छ ।

यसैबीच वैदेशिक रोजगारीका लागि रुस पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ परेका छन् । एक लाख ६५ हजार ठगी गरेको अभियोगमा उदयपुरको उदयपुरगढी गाउँपालिका-९ ध्वासे फूलबारी घर भइ हाल काठमाडौंको स्वयम्भू बस्दै आएका ३० वर्षीय मिलन तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

तामाङले दुई जनालाई वैदेशिक रोजगारीका लागि रुस पठाइ कन्स्ट्रक्सनमा मासिक एक लाख रुपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटक-पटक गरी उक्त रकम ठगी गरेको प्रहरीले बताएको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरी टोलीले सामाखुसीबाट पक्राउ गरेको हो । तामाङलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

### वैदेशिक...

सल्लाहकार इन्द्रराज भट्टराईसहितको टोलीले उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख सोमेन्द्र सिंह राठौरको उपस्थितिमा बिहीबार हस्तान्तरण गरेको हो ।

मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट उपत्यका अपराध अनुसन्धान कार्यालयमा सरुवा भएर आएका पन्थी त्यहाँ वैदेशिक रोजगारसम्बन्धी ठगी मुद्दाको अनुसन्धान तथा कारबाहीको जिम्मेवारीमा छन् । उनले विदेश पठाउने भनि ठगी गरेका कन्सल्टेन्सी, म्यानपावर, दलाल र ट्राभल एजेन्सीहरुलाई निर्ममरुपमा कारबाही गर्दै आएका छन् ।

पछिल्लो समय भिजिट भिसाको प्रयोग गरी मानव तस्करीमा संलग्न गिरोहको पहिचान गरी कारबाही गर्ने कार्यमा एसएसपी सोमेन्द्र सिंह राठौरको निर्देशनमा उनले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उक्त प्रकरणमा संलग्न भएका अध्यागमन विभागका अधिकृतसहित ट्राभल सञ्चालक र बिचौलीया गरी ८ जना पुर्पक्षका लागि थुनामा छन् भने ३० जना धरौटीमा छुटेका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ELEGANCIA ARABIA TRADING COMPANY W.L.L — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/११/०३ — चलानी नं.: ६०२१४९९३ — L.T. No.: 300094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) — TOP 11 (FY2021-2022) — ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal — 01-4964211, 4974211
info@amgroup.com.np — www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096



## राजदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल:

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/०४**

प्रस्तुत विषयमा यस राजदेवी नगरपालिकाको कार्यालयद्वारा ब.उ.शि.नं. स्थानीय पूर्वाधार विभागबाट ५०% र म्याचिंग फण्डबाट ५०% व्यहर्होने गरी शिर्षक अन्तर्गत मिति मिति २०८०/०६/१४ गतेमा प्रथम पटक ३० दिनको म्याद राखी प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचनामा उल्लेख भएको ठे.नं. 01/RM/NCB/080-081 राजदेवी न.पा. को प्रशासकिय भवन निर्माण कार्यको लागि मिति २०८०/०७/१५ गते सम्म ई-बिडिंग मार्फत दर्ता भएका बोलपत्रहरुको मूल्यांकन समितिको बैठकबाट तपशिल बमोजिमको बोलपत्रहरु सारभुत रुपमा प्रभावकारी देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठे.नं. तथा कामको विवरण | बोलपत्रदातको नाम र ठेगाना | कबोल अंक (एक र भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | ठे. नं. 01/RM/NCB/080–081 राजदेवी न.पा. को प्रशासकिय भवन निर्माण कार्य । | श्री चौधरी कन्सट्रक्सन, गौर-७. रौतहट । | १९,९८,०८,०९२/२० | |

**प्रमुख प्रशासकिय अधिकृत**



## विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र आह्वानको सूचना

**प्रथम/दोस्रो पटक सूचना प्रकाशित मिति: २०८०/११/०४**

यस महानगरपालिकाबाट सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरुका लागि PPMOÜs WebsiteM www.bolpatra.gov.np/egp मा बोलपत्रको सूचना प्रकाशित गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S.N. | Contract Identification Number | Name of Work | Remarks |
|---|---|---|---|
| 1 | BMC/MOR/ NCB/W-42/2080/081 | Construction of Madarsha AsraPhiya Chhatrabash Building, Ward No.17 | |
| 2 | BMC/MOR/ NCB/W-43/2080/081 | Construction of Asphalt Concrete Road from Nobel Chowk North to Pulchowk South and from Keshlia Road to Nahar Chowk, Ward No.4,11&12 | |
| 3 | BMC/MOR/ NCB/W-44/2080/081 | Pitch Maintenance Work from Pushpalal Chowk to Thulo Mill Chowk, Ward No.1 & 3 | |
| 4 | BMC/MOR/ NCB/W-45/2080/081 | Construction of Asphalt Pitch, Drain and Culvert on Gayatri Marga, Ward No.7 | |
| 5 | BMC/MOR/ NCB/W-46/2080/081 | Construction of Sahari Swasthya Kendra Building, Ward No. 8 | |
| 6 | BMC/MOR/ NCB/W-48/2080/081 | Construction of RCC Road at Malaya Road MM Plastic Factory South to East Kavir Toll, Ward No.14 | |
| 7 | BMC/MOR/ NCB/W-08/2080/081 | Construction of Asphalt Pitch Road on Mahendra Marga, Rouniyar Marga,Ward No.11 | Re-Bid |

# अल्लोको प्रचारमा सिंहदरबार पुगे जनप्रतिनिधि

निस्ता कार्की/मध्यान्ह
कालीकोट, ३ फागुन



कालीकोटको नरहरिनाथ गाउँपालिकाका उद्यमीहरुले उत्पादन गरेको अल्लोको प्रचार-प्रसारका लागि जनप्रतिनिधिहरु आफै लागेका छन्।

पालिकादेखि जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म सिंगो कार्यपालिकाको संयुक्त टिम पुगेर अल्लो प्रवर्द्धनका लागि जनप्रतिनिधिहरु आफै लागेका हुन्। जनप्रतिनिधि नै यसरी आफै अल्लोको प्रचारमा लागेको देखेर अल्लो खेती गर्ने किसानहरु यतिबेला गाउँमा खुशी भएका छन्। आफुहरुले उत्पादन गरेका अल्लोका टोपी, खादा, दोसल्ला, कोट, दौरा सुरुवाल सिलाउने काँचो कपडाबाट बनेका सामानहरुको स्थानीय सरकारले राष्ट्रिय रुपमा प्रचार-प्रसार तथा प्रवर्द्धन गरेको भन्दै अल्लो उद्यमीहरु खुशी भएका हुन्।

गाउँपालिका अध्यक्ष नगेन्द्र बहादुर बिष्ट, उपाध्यक्ष कमल कुमार शाह, प्रवक्ता प्रदिव बोहोरासहितको टिमले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई अल्लोको टोपी लगाइदिँदै, दोसल्ला ओढाइदिँदै भने, 'हाम्रा अल्लो उद्यमीहरुले उत्पादन गरेका सामानहरुको बजारीकरण गर्न र सरकारको ध्यान नरहरिनाथमा विकास निर्माणमा पुऱ्याइदिनका लागि अनुरोध गर्न हामी सिंहदरबार आएका हौं।'

उनीहरुले थपे, 'राष्ट्र गुरु योगी नरहरिनाथ जन्मेको माटोमा अल्लोको खेती गर्ने उद्यमीहरुले बुनेको टोपी, खादा र दोसल्ला प्रधानमन्त्रीलाई भेटेर लगाउन पाउँदा खुशी भएका छौं। राष्ट्र गुरु योगी नरहरिनाथ जन्मेको पालिकालाई राष्ट्र सामु चिनाउने हाम्रो पहिलो लक्ष रहेको छ। नरहरिनाथ गाउँपालिकाले बजारका खरिद आयतित सामानहरु नलगाउने निर्णय गरेको छ। गाउँपालिकामा अल्लोबाट उत्पादित टोपी, खादा, दोसल्ला, कोट, दौरा सुरुवाल लगायतका सामानहरु मात्र लगाउने निर्णय गरेका छौं।'

गाउँपालिकाका उपाध्यक्ष कमल बिक्रम शाहका अनुसार बजारका खादा खरिद मात्र गर्ने हो भने वर्षेनी लाखौं रुपैयाँ खर्च हुन्छ। त्यसैले आफ्नै उत्पादन लगाउने गाउँपालिकाले निर्णय गरेको हो। अहिले खादा तथा अन्य दोसल्ला लगायतका सामानहरु खरिदमा लाखौं रुपैयाँ बचेको छ।

प्रवक्ता प्रदिप बोहोराले भने, 'नरहरिनाथ गाउँपालिकाबाट अध्यक्ष, उपाध्यक्षसहित ९ वटै वडाका अध्यक्ष, लगायत कर्मचारीहरुको टीम काठमाडौं आएका छौं।' उनले मन्त्रालय मन्त्रालय धाउनुको कारण भात, मासु खान र काठमाडौं घुम्नलाई नभई बनिसकेको एयरपोर्टमा प्लेन बसाल्ने, लालिघाट हुँदै कोटबाडा, कुमालगाउँ, रुप्सा, माल्कोट, लालु, खुलालु जोड्ने रिंगरोड निर्माणका लागि बजेट व्यवस्थापन गर्ने, सडक निर्माणमा लाग्ने बिस्फोटक कच्चा पदार्थको व्यवस्थापन गर्ने, मान्म कोटदरबार, कोटवाडा जोड्ने केवलकार, पन्द्रसैया अस्पताल निमार्णका विषयमा घचघच्याउने, अन्तरप्रदेशिय सडक निर्माणमा बजेटको व्यवस्थापन गर्ने, तीन वर्ष अगाडि शिलन्यास भएको धाँचुखोला जलविद्युत निर्माणकार्य सञ्चालन गर्ने लगायतका विषयहरुमा मन्त्रालयमा छलफल तथा भेटघाट भएको बताए।

प्रधानमन्त्री दाहालले कालीकोटको नरहरिनाथमा रहेको सुनथराली विमानस्थलमा प्लेन लिएर आफैं जान खोजेको भन्दै अब यो भन्दा अगाडि ढाँटे जस्तो भएपनि फागुन महिनामै प्लेन लिएर आउने बताए।

उपभोक्ता हित संरक्षण कार्यालय कालीकोटले आर्थिक वर्ष २०७९र८० को लागि तालिम सञ्चालन गर्न एक लाख पचास हजार रुपैयाँ खर्च गरेको उद्योग शाखा प्रमुख दिपेन्द्र बिष्टले बताए। स्थानीय बिन्दमान बिष्टले भने 'हामीले उत्पादन गरेका अल्लोका सामानहरु गाउँपालिकाले खरिद गर्छ। बेराजगार युवाहरुका लागि रोजगारी सृजना भएको छ। गाउँपालिकाले आगामी दिनमा युवा लक्षित बजेट विनियोजन गरेको खण्डमा युवाहरुले विदेशमा गएर अकालमै ज्यान फाल्नुपर्ने हुँदैन। एक वर्षमा हामीले टोपी एक हजार, खादा दुई हजार, दोसल्ला, काँचो कपडा उत्पादन गरेका छौं।' अल्लोका टोपी, खादा अन्य जिल्लाका स्थानीय तहले पनि माग गरेका छन्। आगामी दिनमा गाउँपालिकामा मात्र नभइ अन्य पालिका तथा जिल्ला हुदैं अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने लक्ष्य रहेको छ।


## फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### फिदिम, पाँचथर

**वोलपत्र आह्वानको e–bidding सम्वन्धी सूचना**

**प्रथक पटक सूचना प्रकाशन मिति-२०८०/११/०४**

यस फिदिम नगरपालिकाको कार्यालयलाई आवश्यक पर्ने निम्न सामाग्री आपूर्ति गर्न वोलपत्र आह्वानको e–bidding सम्वन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा समेत राखिएको छ। इन्छुक उत्पादक कम्पनी/आधिकारिक विक्रेता फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले आवश्यक कागजात सहित ३१ औं दिनको १२.०० वजे भित्र दाखिला गरी सक्नु हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आपूर्ति गर्ने सामानको विवरण | परिमाण (वण्डल) | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|
| PM/CGI/NCB/G/12-2080/081 | रंगिन जस्तापाता आपूर्ति | ३७८ | ९०,०००।- | ३,०००।- |

१. फिदिम न.पा. आन्तरिक राजश्व खाता नं. ०६७०३०००००१००१००००००१
२. फिदिम न.पा. धरौटी खाता नं. ०६७०३००००००३०००००००००१

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बर्दिया
### लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति : २०८०/११/०४ गते)**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत E–Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नं. | विवरण _ | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/W/NCB-24/080/81 | RCC Toilet Building Construction Near Krishana Pranami Mandir Bhurigaun | ३०००/- | ८०,०००/- | १) आन्तरिक राजस्व खाताः १६१२०५००२८२९६००२<br>२) धरौटी खाताः १६१२०५०५२३८८८०१३<br>बैंकः NIC Asia Bank, Bhurigaun Branch |
| TBM/W/SQ-25/2080/81 | Mahadev Marga Gravel | १०००/- | ३०,०००/- | |
| TBM/W/NCB-26/080/81 | Toilet Building Construction in Nepal Rastriya Ma.Bi.Karmala & Jagdamba Ma. Bi Madela | ३०००/- | ३,६०,०००/- | |

यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website: www.bolpatra.gov.np/egp वाट स्यधलयिबम गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

## पुर्चौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### हाँट, बैतडी
### सुदूरपश्चिम प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः- २०८०/११/०४)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/१०/१५ को "मध्यान्ह दैनिक पत्रिका" तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कनमा निम्न तालिकामा उल्लिखित खरिद कार्यका लागी तपशिल बमोजिमका शिलबन्दी दरभाउ पत्रहरू सारभूत रुपमा प्रभावग्राही ठहर भई मुल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क.र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | Construction of Nwala Birthing Centre Building (1S-2Room) Purchaudi Municipality Ward no-3, Baitadi. | PNP/BTD/SQ/Works/07/2080/081 | श्री एच.वि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. पु.न.पा.-०६, बैतडी। | २०,५६,१५५।७३ |
| २ | Construction Of Raunalichaud (1S-2Room) Birthing Centre Building Purchaudi Municipality Ward No-6, Baitadi | PNP/BTD/SQ/Works/08/2080/081 | श्री मिलन कन्सट्रक्सन मार्मा -४, दार्चुला। | १७९४६१०।११ |

**प्रमुख प्रशासकीय अधिकृत**

## यूएईमा रोजगारको अवसर |
कम्पनी : MIDDLE EAST STAR BLDG
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/११/०३ चलानी नं.: ६०२१४९८३ LT. No.: 300066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 51 | 0 | स. काममा दक्ष | 1000 | ३६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्याहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६ | Email- bluemoonoverseas312@gmail.com

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EHK CLEANING SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०३ चलानी नं.: ६०२१४९९१ L.T. No.: 300040

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 30 | 10 | सम्बन्धित काममा दक्ष | 1350 | ४८,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 50 | 10 | | 1350 | ४८,७२२ | | | | | | | |

कम्पनी : ACCURATE VISION CONTRACTING LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०३ चलानी नं.: ६०२१४९९० L.T. No.: 300041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1450 | ५२,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 20 | 0 | | 1450 | ५२,३३१ | | | | | | | |
| 3. | Steel Fixer | 20 | 0 | | 1450 | ५२,३३१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्याहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**R.B. OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com
ISO 9001:2015

## SAUDI मा रोजगार |
कम्पनी : DAILY FOOD TRADING COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०३/०८ चलानी नं.: ६०२०३५३० LT. No.: 288349 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी :DAILY FOOD TRADING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०१/२६ चलानी नं.: ६०२०११२५ LT. No.: 285731 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्याहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## सम्पादकीय

# चिन्ता छ, छैन कार्यक्रम

नेपालबाट दैनिक २ हजार युवा जनशक्ति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बाहिरिरहेका छन । पछिल्लो ७ महिनामा मात्र नेपालमा रोजगारीकै लागि भनेर विश्वमा एक सय भन्दा बढी मुलुकमा नेपाली पुगेका छन । यो वर्षको ७ महिनामा चार लाख दुई हजार चार सय ७७ जना नेपाली विदेश गए । हरेक महिना ४०/५० हजार नेपालीले स्वदेशको भूमि छोडेर अदक्ष कामकै लागि विदेशी जानुले राज्यलाई नै गिज्याइरहेको छ । अझ पछिल्लो समय वैदेशिक रोजगारको लागि  पुरूष सँगसँगै महिलाको संख्या समेत बढ्दैछ । यसरी आम जनतामा नेपालमा ठुला वडा मात्र बाच्न सक्छन्, मध्यम वर्ग तथा गरिववर्ग विदेश नगए बाच्न, छोराछोरी पठाउन नै नसक्ने भएका छन । जसको सोर्सफोर्स लाग्दैन जो नेपालमा टिक्न नै सक्दैन भन्ने भाष्य निरन्तर स्थापित हुदै गएको छ । नेपालबाट यसरी आफना कलिला बालबच्चा, उमेर ढल्केका बुवा आमालाई छोडेर मनमा केही आशा लिएर विदेशीका युवा मर्म सरकारले बुझेको देखिदैन । स्वदेशमा रहेको अवसर देखाउन सरकार असफल भएको छ ।

मुलुकको नेतृत्वलाई युवापुस्ताले विस्वास गरिरहेका छैनन् । सत्ताको लागि राजिनीति लुछाचुडी गर्ने नेतृत्वले स्वदेशमा रोजगारीको लागि उद्योग धन्दा खोल्न भन्दा राजनीतिक दल खोल्नमै व्यस्त छन् । सरकारले ल्याएको युवा लक्षित कार्यक्रम समेत टाठाबाठाकै मिलोमतोले लक्षित वर्गसम्म पुग्न सकेको छैन । देशमा त अब केही होला की ? भनेर मतदान गरेका युवा जनशक्तिहरूले अहिले विदेश तल्लो स्तरको काम गर्न बाध्य भएका छन् । चालु आर्थिक वर्षको बजेट निमार्णको लागि अर्थमन्त्रालयले तयारीमा जुटेको छ । यस पटकको बजेट विगतको कर्मकाण्डी भन्दा सबै राजनीतिक दल, उद्योगी, सरकारवाला निकायबिच पूर्व छलफल गरेर ल्याउने सरकारको तयारी देखिन्छ । सरकारले साच्चै नै आगामी आर्थिक वर्षबाट जनतामा आशाको किरण दिने बजेट ल्याउने हो भने बजेटमा युवा लक्षित कार्यक्रमले महत्वपुर्ण स्थान पाउनु नै पर्ने हुन्छ । विभिन्न कारणले उद्योग धन्दा बन्द हुदै जाँदा रोजगारीको अवसर संकुचन हुदै गएको छ ।

विदेश जाने लस्कर देख्दा देश विस्तारै वृद्धाआश्रम जस्तो भएको छ । युवा श्रम रोजगारको लागि विदेशको भूमि लाग्दा गाउँघर उजाड बनेका छन् भने जग्गा जमिन बाँझो भइरहेका छन् । नेपालमा उत्पादन नहुदाँ हरेक खाद्यवस्तुको आयातले नेपालको व्यापार घाटा निरन्तर बढिरहेको छ ।  युवा शक्तिले विदेशी मरूभूमिलाई हराभरा बनाइदिए तर हरभरा मातृभूमि नेपाल विस्तारै उजाडिदैछ । सरकारले अब देशको आर्थिक समृद्धिको अपेक्षा र भाषण गर्ने हो भने युवालाई बाहिर जानै पर्ने बाध्यतालाई हटाउनु पर्छ । युवालाई स्वदेश काम गरेर खाने नीति ल्याउन सरकार गम्भिर भएर लाग्नैपर्छ ।

# कर्मचारी व्यवस्थापनमा बेथिति

*'राइटमेन, राइट पिपुल, राइट टाइम' भन्ने कुरा नारामा मात्रै सीमित देखिन्छ । नेपालमा विगत समय अर्थात परापूर्वकालदेखि नै मन्त्रीहरूले आफूअनुकूल कर्मचारी रोज्ने परिपाटीले सुशासनलाई गिज्याइरहेको छ ।*

**अग्रलेख**



● डा. दिबाकर वशिष्ठ

कुनै एक कर्मचारीलाई वर्षमा चार पटक सरुवा गर्ने प्रवृतिले उनीहरूको कार्यक्षमता र विज्ञतामा ह्रास आएको देखिन्छ। कामको आधारमा कुन व्यक्तिको विशेषज्ञता कहाँ उपयुक्त हुन्छ भन्ने भन्दा पनि को व्यक्ति आफू अनुकुल कार्य गर्दछ भन्ने राजनीतिक सोचका कारण सानो तहदेखि सचिवसम्मका कर्मचारीमा उत्प्रेरणाको कमी देखिएको छ । 'राइटमेन, राइट पिपुल, राइट टाइम' भन्ने कुरा नारामा मात्रै सीमित देखिन्छ । नेपालमा विगत समय अर्थात् परापूर्वकालदेखि नै मन्त्रीहरूले आफूअनुकुल कर्मचारी रोज्ने परिपाटीले सुशासनलाई गिज्याइरहेको छ । स्मरणहोस् प्रशासन सुधार समितिले वि.सं. २०७० सालमा दिएको प्रतिवेदनअनुसार सरुवाको स्वचालित प्रावधान राखिएता पनि आफूअनुकुल नहुने भएपछि हालसम्म पनि यसको कार्यान्वयन हुन सकेको छैन । कर्मचारीमा पनि काम गरेर तलब लिनेभन्दा पनि त्यसको दशौं गुणा अन्य फाइदा लिने, कार्यालयको स्रोत र साधनको दोहन गर्ने, आफ्नो मानिसलाई जागिर लगाउने, सधैँ मालदार अड्डामा बस्न खोज्ने, कार्यालयको सामान घरायसी काममा प्रयोग गर्ने र कार्यालयमा पछिसम्म नबुझाउने प्रवृति झाँगिदै गएको देखिन्छ। नेता वा मन्त्रीले आफूखुसी निर्णय गराउन कर्मचारी प्रयोग गर्ने भएको हुँदा उनीहरूले पनि बदलामा मालदार अड्डा रोज्ने प्रवृति पछिल्लो समय थप मौलाउँदै गएको कारण भ्रष्टाचारका घटना र सुशासनमा प्रश्नसमेत बेलाबखत उठ्ने गरेको पाइन्छ ।

सही समयमा, सही व्यक्तिलाई, सही ठाउँमा भर्ना गरी संगठनको क्रियाकलापहरूलाई प्रभावकारीरूपमा संचालन गर्न तय गरिएको व्यवस्थापकीय क्षेत्रलाई मानव संशाधन भनिन्छ । संगठनको उद्देश्य प्राप्त गर्ने कुशलता र कार्य क्षमता भएका व्यक्तिहरूको छनोट र व्यवस्थापन अपरिहार्य छ । सबै उत्पादनका साधनमध्ये मानव संशाधन महत्वपूर्ण साधन हो, जसले कुशलता र मितव्ययी तरिकाले संगठनको कार्य संचालन गर्दछ। संगठनमा मानिसहरूको सीप, क्षमता र दक्षताको प्रयोग गरी संगठनको उद्देश्य हासिल गर्नु पर्दछ । त्यस्तै, कर्मचारीको योजना, छनोट, दक्षता र योग्यता अभिवृद्धि, उत्प्रेरणा, तालिम, वृतिविकासलगायत कार्यद्वारा संगठनको उद्देश्य हासिल गर्न मन्त्रीदेखि तल्लो तहसम्म लाग्नुपर्दछ । भर्ना, छनोट, सरुवा वढुवा, घटुवा, अवकास, तालिम तथा विकास, उत्प्रेरणा, पारिश्रमिक, स्वास्थ्य एवम् सुरक्षा जस्ता कर्मचारीसँग सम्बन्धित क्रियाकलापहरूलाई कुशलतापूर्वक व्यवस्थापन गर्न सकेमा मात्र विकास आयोजनाहरू समेत समयमा सम्पादन हुन सक्दछन् ।

कर्मचारी र राजनेता वा मन्त्रीको उद्देश्य भनेको संगठनमा उपलब्ध स्रोत र साधनहरूको प्रभावकारी प्रयोग गर्दै जनशक्तिको भर्ना योजना बनाउने, छनोट गने र भर्ना भएका कर्मचारीलाई संगठनको बारेमा सामाजकीकरण गर्नु हो । संगठनका कर्मचारीलाई तालिम दिने, उत्प्रेरणा जगाउने र संगठनप्रति गतिशिल बनाउने र कर्मचारीको विकास गर्नु हो । कर्मचारीलाई उनीहरूको योग्यता र दक्षता र चाहाना एवम् संगठनको लक्ष्यअनुरूप काममा लगाउने र कामको मुल्यांकनसमेत निष्पक्ष ढंगबाट गरे मात्र सुशासनमा सुधार आउन सक्छ । कर्मचारीको काम, पद र योग्यता एवम् कार्य सम्पादन मुल्यांकनको आधारमा पुरस्कार, तलब र दण्ड सजायलगायतमा उचित ध्यान दिनुपर्दछ । तालिम तथा उत्प्रेरणाद्वारा कर्मचारीको अनुशासन र उत्पादकत्व वृद्धि गर्ने कार्य परिवर्तित वातावरण अनुरूप गर्नुपर्दछ ।

संगठनको दिगो विकासको लागि उचित व्यक्तिको खोजी गर्ने र छनोट गर्ने, संगठनले वर्तमान अवस्था र भविष्यको अवस्थासमेतलाई विचार एवम् मुल्यांकन गरी कम लागतमा दक्ष जनशक्तिको पहिचान गर्ने कार्यमा चुक्नु हुँदैन । संगठनको परिवेशमा भर्नाका विभिन्न स्रोतहरू हुन्छन्, यद्यपि प्रचलित स्रोतको रूपमा आन्तरिक स्रोत जस्तै : बढुवा, सरुवा, कार्य परिवर्तनलगायत छन् भने बाह्य स्रोतमा कसैको सिफारिस, प्रत्यक्ष भेटघाट, रोजगार एजेन्सी, तालिम केन्द्र तथा शैक्षिक संस्थाहरू र ट्रेडयुनियनहरू आदि भएको हुँदा क्षमता, प्रतिभा, व्यक्तित्व, चाख र इमान्दारितालाई प्रमुख मापदण्डको रूपमा लिई कर्मचारी हेर्ने मन्त्रालय वा निकायले कर्मचारी भर्ना गर्न सकेका कर्मचारी प्रशासनका बेथिति केही हदसम्म हटेर जानेछ ।

नयाँ कर्मचारीको रूपमा संगठनमा प्रवेश गरेका कर्मचारीहरू वा कार्यरत



